श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतमबाट** भएको

**फैसला**

सम्बत् २०६८/०६९ सालको स.फौ.नं.**४/५४**(हातहतियार)

दर्ता मिति :– **२०६८/०५/२८**

मुद्दा :– **हातहतियार खरखजाना ।**

निर्णय नं.६३६ , मिति :– **२०७०/१०/१०**

**वादी**

प्रहरी प्रतिवेदन जाहेरीले

**नेपाल सरकार**.......... .........१

निजको प्रमाण...................................

साक्षी.............................................

कागज............................................

**प्रतिवादी**

जिल्ला सिन्धुली, कपिलाकोट गा.वि.स. वडा नं. ४ घर भई हाल कपन बस्ने मानबहादुर थापाको छोरा बर्ष २३ को सागर थापामगर .............................................................................................. .१

निजको प्रमाण .................................................................

साक्षी ..............................................................................

कागज .............................................................................

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षी...........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. का.जि.,कपन गा.वि.स.-४ मा सागर थापामगरलाई फेला पारी निजको शरिर खानतलासी गर्दा निजले बोकेको झोलामा लुकाई राखेको अबस्थामा २२३ लेखिएको एयर पेस्तोल र खुकुरी थान-१ समेत फेला पारी निजलाई पक्राउ गरी दाखिला गरेको भन्ने समेत व्यहोराको मिति २०६८/०७/०३ गतेको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

२. मेरो साथबाट बरामद भएको पेस्तोल म आफ्नै घर नजिकैको जंगलमा फेला पारी विगत पाँच वर्ष अगाडि देखि आफ्नै घरमा लुकाई छिपाई राखेको थिए, हाल कुमार लामा नाम गरेको मानिसले माग गरेको हुदा निजलाई रु ५० हजारमा विक्री गर्न भनि झोलामा उक्त पेस्तोल र खुकुरी समेत राखी लिई हिडेको अवस्थामा मिति २०६८/०७/०३ गते प्रहरीले मलाई का.जि.कपन-४ मा फेला पारी मेरो शरिर तलासी लिदा मैले बोकेको झोला समेत तलासी गरी उक्त पेस्तोल र खुकुरी समेत फेला पारी बरामद गरी पक्राउ गरेको हो भन्ने समेत व्यहोराको **प्रतिवादी सागर थापामगरले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

३. मिति २०६८/०७/०३ गते सागर थापालाई प्रहरीले का.जि.कपन-४ मा फेला पारी निजको शरिर र बोकेको झोला समेत तलासी लिदा पेस्तोल र खुकुरी बरामद गरी निजलाई पक्राउ गरेको हो भन्ने समेत व्यहोराको बुझिएका मानिस भिमबहादुर तामाङ्गको कागज ।

४. यस मुद्दामा संलग्न रही फरार रहेको कुमार लामा नाम गरेको मानिस फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

५. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी सागर थापामगरलाई मिति २०६८/०७/०३ गतेका दिन का.जि.कपन गा.वि.स.वडा नं.४ बाट प्र.नि.मनोज तिमिल्सिना समेतको प्रहरी टोलिले फेला पारी निजको साथमा रहेको झोलाबाट पेस्तोल थान-१ र खुकुरी थान-१ समेत बरामद भएको हुदा, निज प्रतिवादी सागर थापामगरले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा ३(२),५(१) विपरितको कसूर गरेको हुदा निज प्रतिवादी सागर थापामगर उपर सोही ऐनको दफा २०(२) बमोजिम सजाय हुन र बरामद भएको पेस्तोल थान-१ र खुकुरी थान-१ सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

६. बरामद भई आएको पेस्तोल " Local made (home made ) air pistol. Its action mechanism is in working order." भएको भन्ने हतियारको परीक्षण प्रतिवेदन ।

७. मैले कपनमा घर बनाउने काम ठेक्का लिएको थिए, त्याहा ५ दिन अगाडि कुमार लामा भन्ने व्यक्ति काम खोज्दै आएकाले मैले काम गर्ने स्थानमा निजलाई समेत काममा लगाए, निज कुमार लामाले आफ्नै झोलामा पाले सुत्ने कोठामा पेस्तोल राखेको रहेछ, पहिले मलाई थाहा भएन, त्यस क्षेत्रमा वालुवा झिक्ने काम केही चोरहरुले गर्ने गरेको हुदा प्रहरीहरु आई त्यस्तो कार्य रोक्ने गर्दथे, त्यही काममा प्रहरीहरु आएका होलान भन्ने लागेको थियो, ती सिविलमा आएका प्रहरीले कुमार लामाले टहरोमा राखेको झोलबाट पेस्तोल बरामद गऱ्यो, त्यो पेस्तोल मेरो होइन,कुमार लामाले काहाबाट ल्यायो थाहा छैन, कुमार लामा त्यस दिन काम गर्दिन भनि अन्यत्र गएकाले निजको झोला हेर्दा देखेको मात्र हो, त्यो हतियारको बारेमा मलाई केही थाहा छैन, भनि प्रतिवादी सागर थापामगरले यस कार्यालयमा गरेको वयान ।

८. यस कार्यालयमा प्रतिवादीले बयान गर्दा अभियोग अस्वीकार गरी वयान गरेको भए पनि वरामदी मुचुल्का,प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र हतियार परीक्षण प्रतिवेदन समेतका आधारमा प्रतिवादी अहिले नै कसुरदार होइनन् भन्न सक्ने अवस्था नरहेको र वरामदित हतियार एयर पेस्तोल मात्र भएको देखिएकोले हतियारको प्रकृति समेतलाई विचार गरी पछि मुद्दा फैसला हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई मुलुकी ऐन,अ.वं.११८(५) नं.बमोजिम रु ६०,०००।- नगदै वा जेथा जमानत लिई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने व्यहोराको यस कार्यालयबाट मिति २०६८/०७/३० मा भएको थुनछेक आदेश ।

९. जाहेरी प्रतिवेदनमा उल्लेख भएका सवै व्यहोरा सत्य छन्, प्रतिवादीका साथैबाट वरामदी मुचुल्कामा उल्लेखित एयर पेस्तोल थान १ वरामद भएको हो । गैह्कानूनी रुपमा हतियार बोकी हिड्ने प्रतिवादीलाई हदैसम्म सजाय गरी पाँउ भन्ने प्रहरी प्रतिवेदकहरु क्रमसः **मनोज तिमिल्सिना र शुक्रराज थापाले यस कार्यालयमा गरेको एकै मिलानको बक-पत्र ।**

## यस कार्यालयको ठहर

१०. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी सागर थापामगरले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

११. यसमा मिसिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०६८/०७/०३ को वरामदी मुचुल्कामा उल्लेख भएको Home Made Air Pistol आफुले काम गर्ने ठाउको पालेघरमा रहेको झोलाबाट बरामद भएको भनि प्रतिवादी सागर थापामगरले यस कार्यालयमा वयान गरेको, प्रहरी प्रतिवेदकहरुले यस कार्यालयमा वकपत्र गर्दा प्रतिवादी सागर थापामगर बाटै वरामद गरिएको भनि उल्लेख गरी दिएकाले प्रतिवादी सागर थापामगरले विना ईजाजत Home Made Air Pistol आफुसँग राखी, हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) र ५(१) अनुसार कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले हतियारको प्रकृति समेतलाई विचार गरी सोही ऐनको दफा २०(२) अनुसार रु ६०,०००।- साठीहजार जरिवाना हुन्छ । प्रतिवादीलाई भएको जरिवाना धरौटी रकमबाट असुल गर्नु । वरामद भई अभियोग पत्रसाथ पेश हुन

आएको Air Pistol र खुकुरी थान-१ सोही ऐनको दफा १६ बमोजिम जफत गर्नु । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी सागर थापामगरलाई रु ६०,०००।- साठीहजार जरिवाना हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६८/०७/०३ देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी धरौटी रकम सदर स्याहा गरी बाकी रकम निजले कानून बमोजिम फिर्ता पाउन माग गरी निवेदन गरेमा फिर्ता दिनु ..................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू .................................... .... ....................................... २

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु............................................................. ३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..... ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ........................................................................ ५

..................................

**(बसन्त राज गौतम)**
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल माघ १० गते रोज ६ शुभम् ..........................................................................